# दुहवी नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : १३ प्रकाशन मिति : २०७७/११/०५

## भाग १

# दुहवी नगरपालिका

## दुहवी नगरपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ लाई संसोधन गर्न बनेको ऐन, २०७७

# दुहवी नगरपालिकाको शिक्षा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७७ लाई संसोधन गर्न बनेको ऐन, २०७७

**नगरसभाबाट पारित मिति : २०७७/१०/३०**

**प्रमाणिकरण भएको मिति : २०७७/११/०२**

ऐनको दफा ४ पछि दफा ४(क) थपिएको

**दफा ४(क) विद्यालय स्थानान्तरणका लागि अनुमति दिन सकिने :** अनुमति प्राप्त गरी कुनै जिल्लाको कुनै स्थानीय तहमा सञ्चालित विद्यालयलाई स्थानान्तरण गरी ल्याउन वा यस नगरपालिकामा सञ्चालित विद्यालयलाई अन्यत्र लैजान चाहेमा दफा ४ को प्रकृया पुरा गरी अनुमति दिन सकिनेछ ।

अनुसूची १ को विषय खण्डमा विद्यालय खोल्ने पछाडि/कक्षा थप शब्दावली थपिएको

अनुसूची ३ को विद्यालय खोल्ने पछाडि/विद्यालय स्थानान्तरण र .......... कक्षासम्मको विद्यालय पछाडि/विद्यालय स्थानान्तरण गरी सञ्चालन गर्न शब्दावली थप गरिएको ।

अनुसूची १७ को १(ख) र २(ख) मा भएको नगर शिक्षा समतिको सट्टा यस कार्यालयको भन्ने शब्दावली राखिएको ।

दफा ६० को उपदफा ८ पछि उपदफा ९ थप गरिएको

९. उपदफा १ देखि ८ सम्म जेसुकै लेखिएको भए तापनि उपदफा १ बमोजिमको समितिबाट पदपुर्तिका लागि सिफारिस हुन नसकेमा वा परीक्षा सम्बन्धी कुनै विवाद उत्पन्न भएमा नगरपालिकाबाट पदपुर्तिको प्रकृया निर्धारण गरी पदपुर्ति गर्न बाधा पुगेको मानिने छैन ।

**आज्ञाले**
**विनोद कुमार न्यौपाने**
**प्रमुख प्रशासकीय अधिकृत**